नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

**छपाइसम्बन्धी सिलबन्दी वोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०६९/०९/२७)

यस आयोगलाई लिखित परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने मूल उत्तरपुस्तिका र थप उत्तरपुस्तिका छपाइ गरी डेलिभरी दिन वोलपत्र फाराममा उल्लेख गरिएको स्पेसिफिकेशनअनुसार छपाइ गरेर आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाबाट मुद्रणसम्बन्धी कार्य गराउन चा.लु. आ.ब.२०६९/०७० को लागि नवीकरण भएको इजाजतपत्र, फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र आयकर नवीकरण भएको प्रमाणपत्र र आ.ब. २०६८/०६९ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि निवेदनसाथ संलग्न राखी तपसिलबमोजिम रीतपूर्वकको शिलबन्दी वोलपत्र आव्हान गरिएकोछ । रीत नपुगेको तथा म्याद नाघी प्राप्त भएको वोलपत्रउपर कारवाही हुनेछैन ।

**तपसिल**

१. वोलपत्रको लागि फर्म दर्ता, नवीकरण  इजाजतपत्र तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसहित रु.३०००।-(पछि फिर्ता नहुने गरी) बुझाई निवेदन दिएर यस आयोगबाट खरिद गर्न सकिनेछ । सो वोलपत्रमा दररेट भरी सहिछाप गरी सिलबन्दी गरेको खामबाहिर उत्तरपुस्तिका छपाइको वोलपत्र भनी उल्लेख भएको हुनुपर्दछ । शिलबन्दी वा सहिछाप नभएको वोलपत्र स्वीकार्य हुनेछैन ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र वोलपत्र खरिद गरिसक्नु पर्नेछ ।

३. वोलपत्र विक्री भइसकेपछि फिर्ता गरिने छैन ।

४. वोलपत्रमा उत्तरपुस्तिकाको दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धिकर बाहेकको हुने दररेट अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ , अंक र अक्षरमा फरक परेमा (द्विविधा भएमा) अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

५. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले वोलपत्र ३१औं दिनमा दिनको १२ वजेभित्र यस आयोगमा दर्ता गराइसक्नु पर्नेछ । म्यादभित्र दर्ता हुन आएका वोलपत्रहरु सोही दिनको १४.०० वजे वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिनेछ । वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पुग्नेछैन ।

६. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट उक्त कार्य गरिनेछ ।

७. जमानत वापत वोलपत्र साथ रु.१,८८,०००।-(रु. एकलाख अठासी हजार) मात्र कोष तथा लेखा नियन्त्रकको कार्यालय भक्तपुरको नाममा रहेको भक्तपुर कमलविनायक स्थित ने.वै.लि.को धरौटी खाता नं.ख-३/१९-५१-९०७४ मा नगद जम्मा गरी सक्कलै वैंक भौचर वा कम्तिमा १२०

दिनसम्म म्याद भएको (क) वर्गको वाणिज्य  वैंकबाट जारी गरिएको विड वण्ड (वैंक ग्यारेण्टि) को सक्कलै कागजात संलग्न  गर्नुपर्नेछ । वोलपत्र स्वीकृत भइसकेपछि सोको सूचना प्राप्त गरेको १५ दिनभित्र सो सूचना प्राप्त गर्ने सिलबन्दी वोलपत्रदाताले आफूले कवुल गरेको अंकको ५ प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय भक्तपुरको नाममा रहेको भक्तपुर कमल विनायक स्थित ने.वैं.लि.को धरौटी खाता नं. ख-३/१९-५१-९०७४ मा रकम जम्मा गरी सक्कलै भौचर वा सो बरावरको कम्तिमा १ बर्ष म्याद भएको परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ ।

८. कुनै वा सबै वोलपत्रहरु कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ ।

९. वोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा आयोगको स्टोर (भण्डार) शाखामा बुझ्न सकिनेछ ।

१०. यस सूचनामा उल्लेख गरिएका कुराहरु यसै सूचनाबमोजिम र अन्य प्रचलित ऐन नियमबमोजिम हुनेछ ।

११. वोलपत्र दाताले पेश गर्नुपर्ने प्रमाणित प्रतिलिपि नोटरी पब्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

१२. वोलपत्र दाता कालो सूचीमामा नपरेको हुनुपर्नेछ । साथै वोलपत्रदाता प्रस्तावित छपाइ कार्यमा भाग लिन अयोग्य नभएको, उक्त कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धीत कसुरमा आफूले कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणपत्र अनिवार्य रुपमा वोलपत्र साथ पेश  गर्नुपर्नेछ ।

१३. यो सूचना यस आयोगको वेबसाइट www.tsc.gov.np मा पनि हेर्न सकिनेछ ।